# पर्सा जिल्ला वीरगञ्ज महानगरपालिका-२४ बहुवरी टोलमा "बोक्सी"को आरोपमा भएको कुटपिट घटनाको
# स्थलगत प्रारम्भिक प्रतिवेदन



अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

२०८० साउन १७ गते

**घटना मिति** : २०८० असार २६ गते

**स्थलगत अध्ययन मिति** : २०८० साउन ४ गते

**अध्ययनको उद्देश्य** :

- स्थलगत अध्ययन गरी घटनाको सत्य तथ्य बाहिर ल्याउनु ।
- पीडितको न्यायका लागि सम्बन्धित निकायलाई ध्यानाकर्षण गराउनु ।

**स्थलगत अध्ययन टोलीको नामावाली** :

१. सम्झना श्रेष्ठ, परियोजना संयोजक, मानव अधिकार बहस तथा पैरवी कार्यक्रम
२. राजु पासवान, प्रदेश संयोजक, इन्सेक मधेश प्रदेश
३. भोलानाथ पौडेल, मानव अधिकारकर्मी, बारा

**पृष्ठभूमि**

पर्सा जिल्ला बीरगञ्ज महानगरपालिका–२४ बहुबरी टोलकी ७० वर्षीया पार्वतीया देवी अहिरिनलाई कथित बोक्सीको आरोपमा सोही ठाउँका ५० वर्षीय काशी राउत अहिर र उनका २५ वर्षीय छोरा ब्रजेश राउत अहिर (यादव) ले कुटपिट गरेको भनिएको घटनाको विभिन्न सञ्चार माध्यम र स्थानीय अधिकारकर्मीहरूबाट जानकारी प्राप्त भएपछि उक्त घटनाको इन्सेक टोलीले २०८० साउन ४ गते स्थलगत अध्ययन गरेको छ । अध्ययन टोलीले घटनास्थल, पीडित तथा पीडित परिवार, आरोपित तथा सम्बन्धित सुरक्षा निकायसँग छलफल गरी यो प्रतिवेदन तयार गरेको हो ।

**घटना विवरण**

पर्सा जिल्ला बीरगञ्ज महानगरपालिका–२४ बहुवरी टोलकी ७० वर्षीया पार्वतीया देवी अहिरिनलाई गोठ घरबाट घर जान लगेको बेला बाटोमा बोक्सीको आरोप लगाइ सोही ठाउँका ५० वर्षीय काशी राउत अहिर र उनका २५ वर्षीय छोरा ब्रजेश राउत अहिर (यादव) ले कुटपिट गरेका रहेछन् ।

पीडित पार्वतीया देवीले घरमा कोही नभएको मौका छोपी गोठ घरबाट घर जाँदै गर्दा आरोपितहरूले बाटोमा बोक्सी आरोप लगाउदै एक्कासि मुक्का र लात्तीले कुटपिट गरेको उनले बताइन् । आरोपित काशीकी ४८ वर्षीया पत्नी दुर्गादेवी राउत अहिरीन बिरामी भइरहने र पत्नीलाई बोक्सी लगाएको भन्दै विगत केही दिनदेखि गालीगलौज समेत गर्दै आएको पीडित पार्वतीय देवीले दुःखेसो पोखिन् । हजुरआमालाई किन कुटपिट गरेको ? भनि असार २७ गते आरोपितहरूको घर अगाडि गएर भन्न जाँदा २० वर्षीय नाति विवेक यादवलाई समेत आरोपितहरूले कुटपिट गरी दाहिने हातको औँला भाँचिदिएको पीडित पक्षको आरोप छ ।

जिल्ला प्रहरी कार्यालयका डिएसपी दिपक गिरीले पीडित पक्षबाट निवेदन आएपछि घटनाको अध्ययन गर्दा बोक्सीको आरोपमै कुटपिट गरेको भनेर नखुलेको हुँदा ज्येष्ठ नागरिक महिलामाथि पुरुषले हातपात गरेकोले आरोपित काशी राउत अहिर र उनको छोरा ब्रजेश राउत अहिर (यादव) विरुद्ध अभद्र व्यवहारमा उजुरी दर्ता गरी अनुसन्धान प्रक्रिया अगाडि बढाएको बताए ।

पीडित पक्षले काशी राउत अहिर, उनका छोरा ब्रजेश राउत अहिर (यादव), ४८ वर्षीय दुर्गा राउत अहिर, ६८ वर्षीय जोगेन्द्र राउत अहिर, ३५ वर्षीय अनुप प्रसाद यादव र २२ वर्षीय अमित यादव विरुद्ध उजुरी दिए पनि घटनाको स्थलागत अध्ययन पछि आरोपितहरूमध्ये काशी र उनको छोरा ब्रजेश

विरुद्ध अभद्र व्यवहारमा उजुरी दर्ता गरिएको डिएसपी गिरीको भनाइ थियो । उहाँले आरोपित पक्षबाट पनि फोहर फाल्ने विषयमा झै-झगडा भएको भनि उजुरी परेको जानकारी दिनु भयो ।

जिल्ला प्रहरी कार्यालय अन्तर्गत महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रकी प्रमुख तथा इन्स्पेक्टर मनिषा लवडरीले बोक्सी आरोपमा उजुरी आएपछि असई नन्दकला टमटाको नेतृत्वमा घटनाका बारेमा स्थलगत अध्ययन गर्न पठाएको तर बोक्सीकै आरोपमा कुटपिट नभएको देखिएकोले जिल्ला प्रहरी कार्यालयका डिएसपी गिरीको अनुसार अभद्रमा उजुरी दर्ता गरी अनुसन्धान कार्य आगाडि बढाइएको बताइन् ।

आरोपित काशी राउत अहिरले फोहोर फाल्ने विषयमा महिला बिच झगडा भएको र आफूहरूले बोक्सीको आरोपमा कुटपिट नगरेको बताए ।

## पीडित तथा सरोकारवालाहरूको भनाइ :

### पर्वतीया देवी अहिरिन 'बोक्सी' घटनाका पीडित

काशी राउत अहिरको पत्नी दुर्गा देवी बिरामी भइरहन्छे । पत्नीलाई बोक्सी लगाएको आरोपमा मलाई गालीगलौज गर्ने गरेका थिए । तर, घरमा कोही नभएको मौकामा असार २६ गते गोठ घरबाट घर जान लाग्दा बाटोमा दुर्गादेवीका पति ५० वर्षीय काशी राउत अहिर र उनका २५ वर्षीय छोरा ब्रजेश राउत अहिर (यादव) लगायतले बोक्सी भन्दै लछारपछार गर्दै भुइँमा लडाएर शरीरको विभन्न अगंहरूमा कुटपिट गरे । मेरो घरतिर किन हेरेको भन्दै आरोपितहरूले गालीगलौज गर्ने गरेका थिए । चार पाँच दिनदेखि बाटोमा हिँड्दा आरोपित काशी यादवले गालीगलौज गर्दै हिँडेका थिए । हामीलाई कसले र किन ? गाली गरेको थाहा थिएन । तर, असार २६ गते बोक्सी भन्दै आफूलाई कुटपिट गरे ।

### दीपेन्द्र यादव, पीडितको छोरा

अन्धविश्वासको नाममा ७० वर्ष उमेर पार गरेकी मेरी आमालाई बोक्सी भन्दै छिमेकी ५० वर्षीय काशी राउत अहिर र उनका २५ वर्षीय छोरा ब्रजेश राउत अहिर (यादव) लगायतले अमानवीय तरिकाले कुटपिट गरेकोले घटनामा संलग्न व्यक्तिलाई कानुन अनुसार कारबाही होस् ताकि यस्तो घटना कसैको परिवारमा नहोस् । यसअघि पनि गाउँकै दिलिप यादवको ४५ वर्षीया पत्नीलाई समेत आरोपित काशी यादव लगायतले पीडितको घरमै गएर गाली गलौज गरेका थिए । त्यसबेला पीडित पक्षले आरोपितहरू विरुद्ध प्रहरीमा उजुरी दिएन । यसका कारण उनीहरूको मनोबल बढेको छ । आमालाई असार २६ गते बोक्सीको आरोपमा कुटपिट गर्ने आरोपित काशी राउत अहिर र उनको छोरा बृजेश राउत अहिर (यादव) लगायत विरुद्ध जिल्ला प्रहरी कार्यालयमा असार २७ गते उजुरी दिएका छौँ । उजुरी दर्ता नं. ८ रहेको छ । प्रहरीले अभद्र व्यवहारमा उजुरी दर्ता गरी कानुनी प्रक्रिया अगाडि बढाउने जानकारी गराएको छ । तर, आजको दिनसम्म आरोपित कसैलाई पक्राउ गरेको छैन । कसरी हामीले न्यायको अनुभुति गर्ने ? खै त हाम्रो मानव अधिकार ? इन्सेकलाई अनुरोध छ । हामीलाई न्याय दिलाउन सहयोग गरिदिनुहोस् ।

### अनुप यादव, आरोपित पक्ष

महिलाहरू बिच फोहोर फाल्ने विषयमा असार २६ गते झैझगडा भएको हो । बोक्सीको आरोपमा पर्वतीया देवी अहिरिनलाई कुटपिट गरिएकै होइन । तर, म लगायतलाई विपक्षी बनाइ बोक्सीको आरोपमा उजुरी दिएको थाहा पाएको छु । तर म कुटपिट भएको दिन घरमै थिइनँ । असार २७ गते पर्वतीया देवी अहिरिनको छोरा लगायत परिवारका मान्छेहरू झगडा गर्न घरमै आएका थिए । उनीहरूको आक्रमणमा मेरा बुवा जोगेन्द्र अहिरको टाउकोमा चोट लागेको छ ।

**जोगेन्द्र अहिर, आरोपित**

बिहान ८ बजेको घटनाको हो । घटना हुँदा छुटाउन जाँदा ममाथि कुटपिट भयो । मेरो टाउकोमा चोट लाग्यो । पर्वतीय देवी अहिरिनको छोरा दीपेन्द्र यादवले ममाथि कुटपिट गरेको हो ।

**काशी राउत अहिर, आरोपित**

फोहर (कचरा) फालेको विषयमा असार २७ गते झगडा भएको थियो । बाटोको जग्गाको विषयमा पनि पहिलादेखि नै हामी दुबै पक्ष बिच विवाद भइरहेको थियो । बाटोको जग्गाको विषयमा रिसइवि गरेर फोहोर फाल्ने गरेकोले झगडा भएको हो । असार २६ गते भएको झैझगडालाई लिएर भोलिपल्ट असार २७ गते दिपेन्द्र यादव लगायतको समूह घर अगाडि आएर आक्रमण गरेपछि विवाद भएको थियो ।

**मनिषा लवडरी, इन्स्पेक्टर तथा प्रमुख महिला, बालबालिका तथा जेष्ठ नागरिक सेवा केन्द्र**

बोक्सीको आरोपमा उजुरी धेरै आउँछ । पर्सामा बढाइ चढाइ गरेर उजुरी दिने नराम्रो प्रवृत्ति छ । उजुरी धेरै जना विरुद्ध दिन्छन् । वीरगंज महानगरपालिका वडा नं. २४ वहुवरी टोल की पर्वतीय देवी अहिरीनको उजुरी असार २७ गते कार्यालयमा आएपछि महिला सेलकी असइको नेतृत्वमा घटनास्थल पठाएको हो । वोक्सीकै आरोपमा कुटपिट भएको नदेखिएको तर ज्येष्ठ नागरिकलाई कुटपिट गरेको हुँदा काशी राउत अहिर र उनको छोरा ब्रजेश राउत अहिर (यादव) विरुद्ध अभद्र व्यवहारमा उजुरी तर्दा गर्न डीएसपी दिपक गिरीले भन्नु भएको थियो ।

**दिपक गिरी, डिएसपी, जिल्ला प्रहरी कार्यालय, पर्सा**

दुवै पक्षबिच झगडा भएको स्थलगत अध्ययनबाट देखिन्छ । बोक्सीकै आरोपमा कुटपिट गरेको भन्ने कुरा खुलेको छैन । प्रहरीमा सुन अनि थुन भन्ने छ । सामान्य विवादमा कसैलाई थुन्ने कुरा मानव अधिकार विरुद्ध हुन जान्छ । तर, यो घटनामा पुरुषले वृद्धा तथा ज्येष्ठ नागरिकलाई कुटपिट गरिएको हुँदा घटनामा संलग्न भनिएकामध्ये काशी राउत अहिर र उनको छोरा ब्रजेश राउत अहिर (यादव) विरुद्ध अभद्र व्यवहारमा उजुरी दर्ता गरी आरोपितहरूलाइ पक्राउ पुर्जी जारी गर्ने प्रक्रियामा रहेका छौँ । पीडित परिवारले ५० वर्षीय काशी राउत अहिर, उनको छोरा २५ वर्षीय ब्रजेश राउत अहिर, ४८ वर्षीय दुर्गा राउत अहिर, ६८ वर्षीय जोगेन्द्र राउत अहिर, २२ वर्षीय अनुप प्रसाद यादव विरुद्ध उजुरी दिएको छ ।

**निष्कर्ष**

पर्सा जिल्ला बीरगञ्ज महानगरपालिका–२४ बहुवरी टोलकी ७० वर्षीया पार्वतीया देवी अहिरिनलाई सोही ठाउँका ५० वर्षीय काशी राउत अहिर र उनका २५ वर्षीय छोरा ब्रजेश राउत अहिर (यादव) लगायतले कुटपिट गरेको पाइयो । कुटपिट घटनामा संलग्न भनिएका आरोपित काशी राउत अहिरको ४८ वर्षीया पत्नी दुर्गा देवी राउत अहिरीन विरामी भइरहने र आफूलाई बोक्सी लगाएको भन्दै विगत केहि दिनदेखि गालीगलौज समेत गर्दै आएको पीडित पर्वतीय देवी अहिरिनले इन्सेक नेतृत्वको टोलीलाई बताएकी छिन् ।

यसअघि पनि गाउँकै दिलिप यादवको ४५ वर्षीया पत्नीलाई वोक्सीको आरोपमा काशी राउत अहिर लगायतले पीडितको घरमै गएर गाली गलौज गरेको पीडित पक्षको आरोप छ । काशी राउत अहिरको पत्नी बिरामी भइरहने र बिरामी पारेको भनि गाउँकै दुई जना महिला उपर बोक्सी आरोप लगाएको र पछिल्ला समय ज्येष्ठ नागरिक पार्वतीया देवी अहिरिनलाई बाटोमै वोक्सी भन्दै कुटपिट

गरेको पीडित परिवारको भनाइ रहेको छ । यस घटनामा पीडित परिवारले जिल्ला प्रहरी कार्यालय, पर्सामा वोक्सीको आरोपमा उजुरी दिएपनि अभद्र व्यवहारमा उजुरी दर्ता गरेको प्रहरीले बताउँछन् ।

### सुझाव

हाम्रो समाजमा अहिले पनि अन्धविश्वासको नाममा महिलामाथि कथित कोक्सीको आरोपमा दुर्व्यवहार हुने गरेको पाइन्छ । दण्डनीय अपराधका रूपमा रहेको कुप्रथाका कारण महिला विशेषतः ज्येष्ठ नागरिक, अपाङ्गता भएका महिला, विधवा, असहाय, गरिब तथा विपन्न महिला बढी प्रभावित हुने गरेको पाइन्छ । कथित बोक्सीको आरोपमा हुने यस्ता हिंसाका घटनाहरू अन्धविश्वास तथा चेतनाको अभावका कारण हुने गरेको पाइएको छ । अझ महत्वपूर्ण कुरा त कानुन कार्यान्वयनको अभाव तथा व्याप्त दण्डहीनता मुख्यकारणका रूपमा रहेको छ ।  यस्ता घटनाउपर राज्यका संयन्त्रले अपनाउनुपर्ने शुन्यसहनशीलताको नीति नै प्रमुख कुरा हो । कथित बोक्सीको आरोप तथा दुर्व्यवहारसम्बन्धी यस्ता घटनाहरूको प्रभावकारी अनुसन्धान गरी कानुनी कारबाही प्रकृया अगाडि बढाउन आवश्यक देखिन्छ । बोक्सीको आरोप जस्ता अन्धविश्वासको अन्त्यका लागि कानुनको प्रभावकारी कार्यान्वयन र ग्रामीण तहसम्म अन्धविश्वासविरुद्ध जनचेतनामूलक कार्यक्रमहरू पनि गर्नु आवश्यक छ ।

### फोटोहरूः



बोक्सी घटनाका पीडितसँग घटनाको बारेमा जानकारी लिँदै इन्सेककर्मी



कथित बोक्सी घटनाका आरोपित पक्षसँग कुराकानी गर्दै इन्सेककर्मी

**घटनाको स्थलगत अध्ययन सम्बन्धी इन्सेक अनलाइनमा प्रकाशित समाचारको लिङ्क**
https://inseconline.org/np/news/%e0%a4%ac%e0%a5%8b%e0%a4%95%e0%a5%8d%e0%a4%b8%e0%a5%80-%e0%a4%98%e0%a4%9f%e0%a4%a8%e0%a4%be%e0%a4%95%e0%a5%8b-%e0%a4%87%e0%a4%a8%e0%a5%8d%e0%a4%b8%e0%a5%87%e0%a4%95-%e0%a4%9f%e0%a5%8b%e0%a4%b2/


मानव अधिकार र सामाजिक न्यायका निम्ति
**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**
नागार्जुन नपा-१०, स्यूचाटार, पत्रमञ्जुषाः २७२६,
काठमाडौँ फानः ५२१८७७०, फ्याक्सः ५२१८२५१
इमेलः insec@insec.org.np, वेबसाइटः www.insec.org.np, www.inseconline.org